REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 31.10.2025

मुख्यमन्त्रीले एकता दिवसको हार्दिक शुभकामना व्यक्त गर्नुभयो।

भारतका लौहपुरूष सरदार वल्लभलाई पटेलको जन्मजयन्तीको सम्झनामा राष्ट्रिय एकता दिवसको अवसरमा आज सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले सिक्किमका जनता र देशवासीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

श्री तामाङले भन्नुभयो, यो दिन सरदार पटेलको असाधारण दृष्टिकोण र हाम्रो राष्ट्रलाई एकताबद्ध गर्ने उहाँको दृढ समर्पणको लागि श्रद्धान्जली हो। राष्ट्रिय एकताप्रति श्री पटेलको साहस अखण्डता र अटल प्रतिबद्धताको विरासतले हाम्रो मार्गलाई उज्यालो बनाउँदै पुस्ताहरूलाई प्रेरणा दिइरहेकोछ।

राज्यपालले राष्ट्रिय एकता दिवसको अवसरमा शुभकामना व्यक्त गरे

यसरी नै राज्यपाल ओम प्रकाश माथुरले पनि सिक्किमवासीलाई देशका पहिलो गृह मन्त्री सरदार वल्लभभाई पटेलको 150 औं जयन्ती अर्थात राष्ट्रिय एकता दिवसको अवसरमा शुभकामना व्यक्त गरेका छन्। आफ्नो शुभकामना सन्देशमा उहाँले भारतको एकिकरणका शिल्पकार, लौह पुरूषको जन्मजयन्तीको अवसरमा राज्यवासीलाई शुभकामना दिँदै सरदार पटेलको अद्वितीय नेतृत्व, दूरदृष्टि अनि राष्ट्रिभक्तिको स्मरण गर्दै आधुनिक भारतलाई महान राष्ट्रको रूपमा निर्माण गरेको उल्लेख गर्नुभयो। यसरी नै राज्य भरी विविध कार्यकमका साथ एकता दिवस भव्यताका साथ पालन गरिएको समाचारहरू प्राप्त भएका छन्। आज गान्तोकको मनन भवनमा पनि विशेष कार्यक्रमको साथ एकता दिवस पालन गरिएको थियो भने ग्रामीण विकास मन्त्री अरूण उप्रेतिको विशेष उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो। साहिसिक खेल अनि म्यारथन जस्ता प्रतियोगिता विजेताहरूलाई प्रमाण -पत्र सहित नगद पुरस्कार पनि यस अवसरमा प्रदान गरिएको थियो।

## एन. बी दाहालले बेली पुलको उद्घाटन गरे

सड़क तथा पुल विभागका मन्त्री एन. दाहालले आज बर्फुङ निर्वाचन क्षेत्र अन्तर्गत नवनिर्मित बेली पुलको उद्घाटन गरेका छन्। यस दुर्गम गाउँहरूका मानिसहरूले राहतको सास फेर्न सक्नेछन्। दक्षिणलाई पश्चिम सिक्किमसँग जोड़्ने बेली पुलको दयनीय अवस्थाका कारण सवारी साधनको आवागमन रोकिएको थियो। नवनिर्मित पुलले 25 टनसम्म भार बहन गर्न सक्ने अभियान्ताले जानकारी दिइएको छ। यस कार्यक्रममा क्षेत्र विधायक लगायत स्थानीय नागरिकहरूको उपस्थिति रहेको थियो।

## गुवाहाटीमा आयोजित नवीकरणीय ऊर्जा उत्तर पूर्व क्षेत्र सम्बन्धी क्षेत्रीय कार्यशालामा विधायक तथा विद्युत विभागका सल्लाहकार संजित खरेल सहभागी भए.

गुवाहाटीमा आयोजित नवीकरणीय ऊर्जा उत्तर पुर्व क्षेत्र सम्बन्धी क्षेत्रीय कार्यशालामा सिक्किम सरकारका विद्युत विभागका विधायक तथा सल्लाहकार संजित खरेल सहभागी भए। नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालय (MNRE) ले भारतीय राष्ट्रिय सौर्य ऊर्जा महासंघ (NSEFI) सँगको सहकार्यमा ज्ञान साझेदारको रूपमा कार्यशाला आयोजना गरेको थियो। यसको उद्देश्य उत्तर पूर्वी राज्यहरूमा नवीकरणीय ऊर्जा विकासलाई तीव्र पार्ने क्षेत्रीय अवसरहरू, नीतिगत पहलहरू र चुनौतीहरूमा छलफल गर्नु थियो। कार्यक्रमको अध्यक्षता भारत सरकारका नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री तथा उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री श्री प्रल्हाद वेंकटेश जोशीले गर्नुभएको थियो। श्री खरेलको सहभागिताले शिक्किमको स्वच्छ र नवीकरणीय ऊर्जाप्रतिको प्रतिबद्धतालाई जोड़ दियो, जुन दिगो र वातावरणीय रूपमा जिम्मेवार विकासको लागि राज्यको दृष्टिकोणसँग मिल्दोजुल्दो छ।

## सिक्किम आइडल सिजन 2 को भव्य फाइनल 13 नोभेम्बरका दिन रम्फूमा

वार्ता टेलिभिजनको प्रस्तुतीमा आयोजन भइरहेको सिक्किम आइडल सिजन 2 को भव्य फाइनल कार्यक्रम आगमी 13 नोभेनम्बरका दिन रम्फूमा आयोजना हुने भएको छ। आज सो कार्यक्रमका प्रमुख संरक्षक तथा मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङले एक प्रेस सम्मेलन मार्फत सो जानकारी गराएका हुन्। खुल्ला अनि 14 वर्ष मुनिका बाल- बालिका गरि दुई समुहमा भइरहेको यो रियालिटी शोमा सिनियर र जुनियर गरी दुवै चार -चार जना फाइनलमा पुग्न सफल बनेका छन्। शीर्ष तीन विजेतालाई सिक्किम सरकारले संगीत अध्ययनका लागि स्कलरशीप प्रदान गर्ने अघिबाटै घोषणा भइसकेको छ।

## सिक्किमको लागि मौसम चेतावनी IMD

भारतीय मौसम विज्ञान विभाग IMD ले आज अर्थात अक्टोबर 31 को लागि मौसम चेतावनी जारी गरेको छ। पूर्वी विदर्भ र दक्षिण छत्तीसगढमा हाल रहेको गम्भीर चक्रवाती आँधी मोन्था का कारण राज्यभर वर्षा र हिमपात गतिविधि बढ्ने चेतावनी दिएको छ। उच्च क्षेत्रहरूमा व्यापक हल्का देखि मध्यम वर्षा र हिमपात हुने अनुमान गरिएको छ भने गान्तोक, गेजिङ मंगन, नाम्ची , पाकिम र सोरेङ जिल्लाहरूमा भारी देखि धेरै भारी वर्षा हुने सम्भावना छ। अक्टोबर 31 को लागि Orange Warning जारी गर्दै जनतालाई पहिरो जाने सम्भावना भएका क्षेत्रहरूबाट बच्न र यात्रा मार्गहरू र उडान तालिका जाँच गर्न सल्लाह दिइएको छ।